सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८२/०८३
च.नं: ६६४

मितिः २०८२।०९।१७

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारानी गाउँपालिका, प्यूठान ।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०९।०९ गतेको बैठकको निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

...............२०८२/९/१७
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

## मिति २०८२।०९।०९ गते

## गाउँकार्यपालिकाको एकहत्तरौं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्बन्धमा ।

२. आ.ब.२०८३।०८४ को लागि संघीय समपुरक अनुदान योजना प्रस्ताव सम्वन्धमा।

३. विधालय भवन रंगरोगन सम्बन्धमा ।

४. आ.ब.२०८३।०८४ को लागि संघीय विशेष अनुदान योजना प्रस्ताव सम्बन्धमा ।

५. माडी खोलाबाट ढूंगा गिट्टी र वालुवा निकासी सम्वन्धमा।

६. अध्ययन विदा मनोनयन तथा स्विकृतिका लागि सिफारिस गर्ने सम्वन्धमाः

७. आर्थिक सहायता सम्वन्धमा।

८. विविध सम्बन्धमा।

- ड्राईभिङ्ग र मिनिटेलर मर्मत तलिममा सहभागी छनौट सम्वन्धमा ।
- अनाथ वालवालिका सम्बन्धमा ।
- वालकल्याण प्रा.वि सजिकोटलाई सहयोग सम्वन्धमा ।
- योजना/कार्यक्रम संशोधन सम्बन्धमा ।
- जनता मा वि वङ्गाडाको भवनको स्वामित्व सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-७१**

**मितिः २०८२।०९।०९ गते**

# गाउँकार्यपालिकाको एकहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०८।२२ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो।साथै वडा कार्यालय, शाखाहरुबाट हाल सम्म भएको प्रगतिको अवस्थाको बिषयमा जानकारी भयो ।

**निर्णय नं. २. राष्ट्रिय योजना आयोगमा समपुरक अनुदान योजना सिफारिस सम्बन्धमा।**

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०८३/०८४ को लागी समपूरक अनुदानको लागी प्रस्ताव माग भएकोमा गत आर्थिक बर्ष कार्यान्वयनमा रहेको तपशिलको योजना सम्पन्न हुन बाकी रहेको र गाउँपालिकाको पहिलो प्राथमिकतामा परेको योजना भएकोले सो योजनाको लागि रु.३,५०,१०,०००/- प्रस्ताव तयार गरी पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने प्रतिवद्धता सहित निर्णय गरियो।

<u>तपशिल</u>

| सि.न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८३/०८४ लागी अनुमानित वजेट | | |
|---|---|---|---|---|---|
| | | | संघीय समपुरक अनुदान रु. | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | ऐरावती बड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना (क्रमागत-अधुरो) | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ | २ करोड २५ लाख मात्र | १ करोड ५०लाख १० हजार मात्र | ३ करोड ५० लाख १० हजार मात्र |

**निर्णय नं. ३ विधालय भवन रंगरोगन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दाबजेट कितावको विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट निम्न विधालयलाई रंगरोगन वापत प्रति विधालय रु. २५,०००/-का दरले सहयोग उपलब्ध गराउने निर्णय गरियो।

- श्री जनता मा.वि. वडा नं. ४ बड्डाडा ।

- श्री नेपाल राष्ट्रिय माध्यामिक विधालय वडा नं. ३ ।

**निर्णय नं. ४ राष्ट्रिय योजना आयोगमा विशेष अनुदान योजना सिफारिस सम्बन्धमा**

प्रस्ताव न.४ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार आर्थिक वर्ष २०८३।०८४ को लागी विशेष अनुदान अन्तर्गत आर्थिक, सामाजिक रुपले विभेदमा परेका वर्ग, समुदाय र क्षेत्र उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम र विधालय शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि कार्यक्रमसंचालनको लागि तपशिलको शिर्षकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः-

| सि. न. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | प्रस्तावित बजेट रु. | आ.ब.२०८२।०८३ | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक, सामाजिक विभेदमा परेका वर्ग, समुदाय र क्षेत्र उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम | तोकिएका वडा/वस्ती समुदाय | १ करोड ५० लाख | १ करोड ५० लाख | सालबसाली |
| २ | बिधालय शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम | प्रत्येक वडामा दुई/दुई वटा विधालय नमूनाको रुपमा | १ करोड २० लाख | १ करोड २० लाख | सालबसाली |

**निर्णय न.५माडी नदिजन्य पदार्थ (ढुंगा, गिट्टि बालुवा) को निकासी खोल्ने सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिका अन्तर्गत माडीनदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागि यस कार्यालयबाट मिति २०८२।०८।२६ गते र २०८२।०८।१०गतेमा बोलपत्र सूचना आव्हान गरिएकोमा कुनै फर्मबाट निवेदन पर्न नआएको हुनाले लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागि माडी खोला क्षेत्रका कुडुले, नौघाट, खरानीघाट र पनाहा क्षेत्रबाट ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना गरी कुडुले घाटबाट निकालिने नदिजन्य पदार्थको ४ नं. वडा कार्यालय र नौघाट, खरानी घाट र पनाहा घाटबाट निकालिने नदिजन्य पदार्थको ३ नं. वडा कार्यालयबाट नगदी रसिद काटी मिति २०८२।०९।१० गते देखि निकासी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ आर्थिक सहायता सम्बन्धमा।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका संस्था/व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- क्रान्तिकारी कम्यूनिष्ट पार्टी, नेपाल जिल्ला समिति प्यूठानलाई रु. १५,०००/-
- पतन्जली योग समिति नेपाल, लुम्विनि प्रदेश दाङ्गलाई रु. १०,०००/-
- सरुमारानी गाउँपालिका वडा नं. ५ का शिसिर धर्तीलाई जापानिज ईन्सीफ्लाईसिस उपचारको लागि भालुवाङ्ग सम्मको आतेजाते भाडा/डिजेल वापतको लागी रु. ३५००/
- सरुमारानी गाउँपालिका वडा नं. ५ का मिन वहादुर सुनारलाई क्यान्सर रोग पिडित भई उपचारको लागि काठमान्डौ क्यान्सर अस्पतालमा पुर्याउदा लागेको भाडा/डिजेल वापत ढुङ्गेगढि स्वास्थ्य चौकीको एम्वुलेन्सलाई एकमुष्ठ रु. १२,०००/-

## निर्णय नं. ७अध्ययन विदा मनोनयन तथा स्विकृतिका लागि सिफारिस गर्ने सम्वन्धमाः

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं. ३ हंसपुर स्वास्थ्य चौकिमा, स्थानिय स्वास्थ्य सेवा, हे.ई. समूह, हेल्थ असिष्टेण्ट (सहायक पाचौं) पदमा कार्यरत श्री सरोज कुमार भट्ट (कर्मचारी संकेत नं. २५५७५५) सरुमारानी गाउँपालिका वाट मिति २०८२/०५/२२च.नं. २१९ को पूर्व स्विकृति लिई चिकित्सा शिक्षा आयोगको स्नातक तह कार्यक्रम(MECEE-BL 2026)अन्तर्गतको Bachelor of Public Health (BPH) अध्ययनका लागि प्रवेश परिक्षामा सहभागी भएर निःशुल्क छात्रवृती कोटामा नाम निकाल्न सफल भई पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत पूर्वाञ्चल विश्वविद्यालय स्कुल अफ हेल्थ साइन्सेज गोठगाँउ, मोरङमा मिति २०८२/०९/०६ गते भर्ना समेत भएको विवरण संलग्न राखि अध्ययन विदा मनोनयनको लागि सिफारिस माग गरेको एवं निज कार्यरत रहेको सेवा/समूहलाई उपयोगि र आवश्यक पर्ने विषयमा अध्ययन गर्न जान लागेको साथै निज अध्ययन गर्न जादा यस कार्यालयको सेवा प्रवाहमा असर नपर्ने हुँदा स्थानिय निजामति सेवा ऐन, २०८१ को दफा ६० को उपदफा (१) र (४) मा भएको व्यवस्था बमोजिम निजलाई सेवा अवधि गणना हुने गरि मिति २०८२/१०/२५ गते देखि २०८६/१०/२४ गते सम्म लागु हुने गरी ४ (चार) वर्ष तलवी अध्ययन विदा मनोनयन तथा स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश लाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं ८ बिबिध सम्बन्धमा।

- ड्राईभिङ्ग र मिनिटेलर मर्मत तलिममा सहभागी छनौट सम्वन्धमा ।

  संघीय विशेष अनुदान शिर्षकबाट संचालन हुने युवाहरुको सिपमूलक ड्राईभिङ्ग र मिनिटेलर मर्मत तलिममा प्रत्येक वडाबाट ड्राईभिङ्ग तालिमको लागि ६/६ जना र मिनिटेलर मर्मत तलिममा २/२ जना सहभागी छनौट गरी सिफारिस गर्ने निर्णय गरियो ।

- **अनाथ बालबालिका सम्बन्धमा।**

  सरुमारानी गाउँपालिका वडा नं. ४ बस्ने खगेश्वर रेश्मीको छोरा धनसिं रेश्मीको मिति २०७८।२।८ गते मृत्यू भएको, निजको छोरा  दिनेश रेश्मीमगरको आमा अन्यत्र विवाह गरी गएको र संरक्षक खगेश्वर रेश्मीमगर वृद्ध र असक्त भएकोले निज दिनेश रेश्मीमगरलाई अनाथ बालबालिकाको प्रमाणपत्र उपब्ध गराई गाउँपालिकाले उपलब्ध गराउने सहयोगको लागि ४ नं. वडा कार्यालयबाट समेत सिफारिस भए बमोजिम निज दिनेश रेश्मीमगरलाई अनाथ बालबालिकाको प्रमाणपत्र उपब्ध गराई गाउँपालिकाले उपलब्ध गराउने मासिक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

- **बालकल्याण प्रा.वि सजिकोटलाई सहयोग सम्बन्धमा ।**

  बालकल्याण आधारभूत विद्यालय सजिकोटलाई चिसोको समयमा पठनपाठन गर्न कठिनाई भएको भन्ने मिति २०८२।९।३ गतेको पत्रानुसार उक्त विद्यालयलाई आवश्यक आधारभूत वस्तुहरु( कुसन, डल्फा, कार्पेट र बालमैत्री डेक्सबेन्च) कार्यालयको जिन्सी शाखाबाट खरिद गरि दिने निर्णय गरियो ।

- **योजना/कार्यक्रम संशोधन सम्बन्धमा ।**

  यस गाउँपालिकाको चालू आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रानी कुवा माघिमेला व्यवस्थापन कार्यक्रमलाई संशोधन गरी माघे सकरान्ती पर्व/मेला व्यबस्थापन कार्यक्रम नामाकरण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **जनता मा वि बड्डाडाको भवनको स्वामित्व सम्बन्धमा ।**

  जनता मा वि बड्डाडाको मिति २०८२/९/७ को पत्रानुसार सरुमारानी ४ बड्डाडा स्थित भालुवाङ्ग प्यूठान सडक खण्डमा स्थानीय तह गठन हुनुभन्दा पूर्व नै जनता मा वि ले निर्माण गरेको ५ कोठे १ तले पक्की भवनबाट विद्यालयले मासिक भाडा उठाइ विद्यालय संचालन तथा व्यवस्थापनमा खर्च गर्दै आएकोमा विगत करिब २ वर्षदेखी गाउँपालिका आफैले उक्त संरचनाको भाडा उठाउदै आएकाले हाल उक्त संरचनाहरु विद्यालयको स्वामित्वमा नरही व्यापारीको स्वामित्वमा रहने गरी स्थानीय सरकारलाई कर तिर्दै आएको सन्दर्भमा अबदेखी उक्त सटर विद्यालयको मातहतमा रहने र विद्यालयलेनै गाउँपालिकालाई कर तिर्ने गरी स्वामित्व प्रासिको लागि लेखिआएको हुदा हालका मितिबाट लागू हुनेगरी उक्त विद्यालयले निर्माण गरेको संरचना विद्यालयकै नाममा रहने र भवनको भाडा विद्यालयले नियमानुसार उठाई उक्त भाडाबाट गाउँपालिकालाई नियमानुसारको कर बुझाउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणीकरण मिति २०८२/०९/०९

विक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
अध्यक्ष